# सम्झौता–पत्र

नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता रही काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ११ मा रजिस्टर्ड कार्यालय रहेको डेजोय नेपाल प्रा.लि. (यसपछि प्रथम पक्ष भनिनेछ) तथा ........................................................................ को नाति/नातिनी.............................................................................................................कोछोरा/छोरी............................................................................ जिल्ला...........................................................................................................न.पा/गा.पा.................वडानं.........बस्नवर्ष.....................को/की ..................................................................................यसपछि दोस्रो पक्ष भनिनेछ), हामी दुई पक्षबीच तपसिलमा लेखिएका शर्तहरू पालना गर्ने, काम कर्तव्य, अधिकार जिम्मेवारी पुरा गर्ने एव सेवा सुविधा दिने पाउने गरी राजीखुशीका साथ वस्तुको प्रत्यक्ष बिक्री (व्यस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ को दफा १४ एवं वस्तुको प्रत्यक्ष बिक्री (व्यस्थापन तथा नियमन गर्ने) नियमावली, २०७६ को नियम ९ बमोजिम यो सम्झौता पत्रको ३ प्रति तयार गरी सहिछाप गरी १ प्रति वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा समेत बुझाउने गरी दुवै पक्षले १/१ प्रति बुझि लियौं दियौ ।

## शर्तहरू

१. यो सम्झौता पत्र बमोजिमका कार्य अगाडि बढाउनको लागि निम्न बमोजिमको कागजातहरू दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गर्नु पर्नेछ :

क) १८ वर्ष उमेर पुगेको नेपाली नागरिकताको प्रमाणपत्रको - प्रतिलिपि
ख) हालसालै खिचिएको पासपोर्ट साईजको फोटो प्रति - १
ग) बसोबासको पूर्ण ठेगाना :
घ) मोबाईल नं.:
ङ) इमेल :

**२. प्रथम पक्षको काम, कर्तव्य, अधिकार र जिम्मेवारी :**

क) सन्झौता पत्रमा उल्लेखित शर्तहरू तथा वस्तुको प्रत्यक्ष बिक्री (व्यस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ तथा नियमावली, २०७६ का प्रावधानहरू एवं उपभोक्ताको हित संरक्षणका सम्बन्धमा दोस्रो पक्षलाई तालिम एवं क्षमता विकासका बिभिन्न माध्यमबाट प्रशिक्षित गर्नु गराउनु पर्नेछ ।
ख) दोस्रो पक्ष वा उपभोक्ताहरूको मागको आधारमा कम्पनीबाट बिक्री वितरण गर्ने वस्तु यथोचित समयमै उपलब्ध गराउनु पर्नेछ ।
ग) उपरोक्त 'ख' बमोजिमका वस्तुहरुको बिक्री मूल्य सहितको विवरण कम्पनीको रजिस्टर्ड कार्यालय, शाखा कार्यालय वा बिक्री कक्षमा सबैले देख्ने स्थान चुस्त रूपमा राख्नु पर्नेछ तथा दोश्रो पक्ष समेतलाई उपलब्ध गराउनुपर्नेछ । यस सम्बन्धी विवरण वस्तुको प्रत्यक्ष बिक्री (व्यस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ तथा नियमावली, २०७६ बमोजिमको ढाँचा र समय सिमाभित्र वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग समक्ष पेश गर्नु पर्नेछ ।
घ) वस्तुहरू बिक्री वितरण गर्दा बिक्रेता/ वितरक एवं उपभोक्तालाई समय सिमा तोकी वस्तु बिक्री वितरण वा उपभोग गर्नु पर्ने गरी सामान्यतः परिमाण/मात्रा तोक्न पाइने छैन । तर कम्पनीको नियमानुसारको सेवा सुविधा प्राप्त गर्न भने कम्पनीको बजार योजना अनुसारको बिक्री वा खपत गर्न गराउन प्रोत्साहन गर्न सकिनेछ ।
ङ) दोस्रो पक्षले बिक्री वितरण गरेको वस्तुको परिमाण का आधारमा वस्तुको बिक्री/वितरण भएमा कम्पनीको नियमानुसार, संलग्न ब्यबसायिक कार्य योजना मा उल्लेख भए अनुसार कम्पनीले तोकेको सेवा सुविधा, कैमिसन लगायतका अन्य लाभाँसहरू उपलब्ध गराउनु पर्नेछ । सो को पुर्ण विवरण ब्यापारिक सफटवेयरमा पनि व्यवस्थित गर्नुपर्नेछ ।
च) कम्पनी को अधिकारिक परिचय पत्र उपलब्ध गराउनु पर्नेछ।

**३. दोस्रो पक्षको काम, कर्तव्य, अधिकार र जिम्मेवारी :**

क) वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ तथा नियमावली २०७६ बमोजिम वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग तथा तालुक निकायले दिने निर्देशन भित्र रहेर कम्पनीसँग सहकार्य एवं बजारीकरण गर्नु गराउनु पर्नेछ ।
ख) प्रथम पक्षले वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट बिक्री वितरण गर्न अनुमति पाएका सूची बमोजिमका प्रथम पक्षबाट उपलब्ध गराइने वस्तुहरू मात्र बिक्री वितरण गर्नु गराउनु पर्नेछ ।
ग) उपरोक्त ' ख 'बमोजिम वस्तुको बिक्री वितरण गर्दा बिक्री गरिने वस्तुको बारेमा ग्राहक/उपभोक्तालाई जानकारी गराई राजीखुशीले मात्र खरिद गर्नका लागि प्रोत्साहित गर्नु गराउनु पर्नेछ ।
घ) उपभोक्तालाई भ्रम पार्ने वा कुनै प्रकारले अनुचित प्रभावमा पार्ने कार्य गर्ने पाउने छैन । त्यस्तो कार्य गरेमा कारवाहीको भागिदार हुनुपर्ने छ ।
ङ) ग्राहक वा उपभोक्ताले खरिद गर्न चाहेको वस्तु निजले प्राप्त नगरेसम्म उक्त वस्तुको मूल्य वापतको रकम असुल गर्न हुदैन ।
च) आफू मातहत रहने गरी सशर्त वा निशर्त कसैलाई पनि कुनै Title दिई वा नदिई वस्तु बिक्री वितरण गर्न गराउन वा मार्केटिङ्ग लगायतका कार्य गर्न गराउन हुँदैन। तर प्रथम पक्षको बजार योजना एवं वस्तुको प्रत्यक्ष बिक्री (व्यस्थापन एव नियमन गर्ने) ऐन, २०७४ तथा नियमावली २०७६ मुताविक वस्तुको बजार प्रवर्द्धन भने गर्नु गराउनु सकिनेछ ।
छ) प्रथम पक्षबाट प्राप्त वस्तुहरू आफ्नो अनुकुलता अनुसार बजारीकरण, बजार प्रवर्द्धन वा बिक्री वितरण एवं नियमानुसार कारोबार गर्नु पर्नेछ ।
झ) बिक्री वितरण गरेको वस्तुको परिमाणका आधारमा प्रथम पक्षबाट कम्पनीको बजारीकरणको योजनामा उल्लेख भए अनुसार सेवा सुविधा, कमिसन वा बोनसहरू प्राप्त गर्न सक्नेछन ।
ञ) वितरकहरूले विशेषतः निम्न कार्यहरू गर्नु पर्नेछः कम्पनीका उत्पादनहरूको बारेमा बजार एवं बिक्री प्रबर्द्धन गर्ने र गराउने, वस्तुको बिक्री वितरण गर्ने र गराउने

**४ दोस्रो पक्षको कानुनी दायित्व :**

क) प्रथम पक्षको हित विपरितका कार्यहरु, वस्तुको प्रत्यक्ष बिक्री (व्यस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ र नियमावली, २०७६ विपरितका गैरकानुनी काम गरे गराएमा त्यसको जिम्मेवारी लिनुपर्नेछ ।
ख) व्यक्तिगत कारोबार वा अन्य कारोबारमा प्रथम पक्षको नाम जोडि कुनै किसिमको कारोबार गर्ने, रकम लेनदेन गर्ने वा गैरकानुनी कामहरू गर्नु हुँदैन, गरे गराएमा आफैँ जिम्मेवार हुनुपर्नेछ ।
ग) ग्राहक वा उपभोक्ताबाट वस्तु खरिद वापतको रकम बाहेक अन्य रकम लिएमा सोको तिर्ने बुझाउने दायित्व हुनेछ ।
घ) ग्राहक वा उपभोक्ताले खरिद गर्न चाहेको वस्तु निजले प्राप्त नगरे सम्म उक्त वस्तुको मुल्य वापतको रकम असुल गर्नु हुदैन ।
ङ) माथि उल्लेखित कार्यहरू गरेको जानकारी प्रथम पक्षलाई प्राप्त हुन आएमा प्रचलित कानुन बमोजिम आवश्यक कारबाहीको लागि सम्बन्धित तालुक निकायमा उजुरी गर्न सक्नेछ

**५.खरिद गरेको वस्तु फिर्ता गर्न सक्ने :**

क) उपभोक्ताहरूल प्रथम पक्षबाट खरिद गरेको वस्तुको मूल्य, गुणस्तर, परिमाण वा उपयोगितामा चित्त नबुझेमा वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ तथा नियमावली, २०७६ मा भएको व्यवस्था अनुसार वस्तु खरिद गरेको मितिले तीस दिनभित्र प्रथम पक्षलाई फिर्ता गर्न सक्नेछ ।

**६.सम्झौता पत्रको अन्त्य :**

अ) यो सम्झौताको अवधि कम्पनी रहेसम्म कायम हुनेछ । उक्त अवधी समाप्त नहुदै सम्झौता भंग गर्नुपर्ने अवस्थामा भंग गर्न चाहने पक्षले अर्की पक्षलाई ३५ दिन अगावै जानकारी दिनुपर्ने छ । यसै ३५ दिनको अवधि भित्रै दुई पक्षबीचको जिन्सी वा नगद लेनदेनको हिसाबकिताब फरफारक गरिसक्नु पर्नेछ । तर निम्न अवस्थामा ३५ दिने पूर्व सूचना नदिइ जुनसुकै बखत यो सम्झौता अन्त्य हुन सक्नेछ : -
आ) वस्तुको प्रत्यक्ष बिक्री (व्यस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ तथा नियमावली, २०७६ बमोजिम पालना गर्नुपर्ने शर्त र निर्देशन पालना नगरी व्यावसायिक नैतिकता प्रतिकुल कार्यहरू गरेमा ।
इ) प्रथम पक्षबाट बिक्री वितरणका लागि दोश्रो पक्षले प्राप्त गरेको वस्तुको तोकिएको समयमा रकम चुक्ता नगरेमा ।
ई) बजार प्रवर्द्धन गर्ने क्रममा प्रथम पक्षको नीति, निर्देशन प्रतिकुल दोश्रो पक्षले आफूलाई मात्र फाईदा पुग्ने गरी वस्तुको बिक्री वितरण गरेमा ।
उ) वस्तुको प्रत्यक्ष बिक्री (व्यस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ तथा नियमावली, २०७६ तथा नियमन निकायबाट दिएका निर्देशन विपरितका कार्य गरेमा ।

**७.निर्देशन पालना तथा विवाद समाधान :**

क) दुई पक्षबीच कुनै विवाद भएमा प्रथम चरणमा आपसी सहमतिमा विवाद समाधान गरिनेछ । दुई पक्षबीच सहमति कायम हुन नसकेमा दोस्रो चरणमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको मध्यस्थतामा समाधानको प्रयास गरिनेछ । दोस्रो चरणको प्रयासमा पनि विवाद समाधान हुन नसकेमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले गरेको निर्णयानुसार हुनेछ ।
ख) वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ तथा नियमावली; २०७६ का प्रावधानहरू तथा वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागले समय समयमा दिने निर्देशनको पूर्ण पालना गर्नु दुवै पक्षको कर्तव्य एवं जिम्मेवारी हुनेछ ;
ग) वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ तथा नियमावली, २०७६ बमोजिम प्रथम पक्षले लागू गरेको वस्तुको बिक्री निति र कार्यविधि ( समय समयमा हुने संसोधनहरू समेत) पालना दोस्रो पक्षले गर्नु पर्दछ । पालना नगरेका कारणबाट विवाद, दावी वा नोक्सानीको लागि पालना नगर्ने पक्षले जिम्मेवारी लिनु पर्नेछ

**८. अन्य व्यवस्थाहरू :**

क) प्रचलित कानुन अनुसार प्रथम पक्षबाट दोश्रो पक्षले पाउने बोनस तथा कमिसनमा कर् कट्टी गर्नुपर्नेछ । नेपाल सरकार, आयकरको नियम अनूसार न्यूनतम मासिक आम्दानी भन्दा बढि बोनस प्राप्त गर्नका लागि दोस्रो पक्षसँग अनिवार् रूपमा प्यान (PAN) नम्बर भएको हुनु पर्दछ ।
ख) दोस्रो पक्षले प्रथम पक्षबाट प्राप्त गर्ने वस्तुहरूमा कानुन अनुसार लाग्ने कर समावेश गरिएको हुनु पर्दछ ।
ग) दोस्रो पक्षले प्रथम पक्षको प्रतिनिधित्व गर्नेछ । प्रथम पक्षको पहिचानसँग सम्बन्धित लोगो ट्रेडमार्क प्रयोग गर्नेछ ।
घ) यो सम्झौता पत्रले प्रथम पक्ष र दोस्रो पक्षबीच कुनै किसिमको एजेन्सी वा रोजगारीको सम्बन्ध स्थापित हुने छैन ।
ङ) कुनै पनि बिक्रेता वा वितरकहरूले प्रथम पक्षको गोपनीयता कायम नगरी व्यापारमा ह्रास आउने काम गरेमा, निर्दिष्ट निति नियम भन्दा बाहिर गई कार्य गरै गराएमा, प्रचलित कानुनको उल्लंघन गरेमा वा आफनो अनुकुलताको लागि उपभोक्ताहरूलाई हानी नोक्सानी पुऱ्याउने काम गरेमा त्यसको भागीदार सम्बन्धित पक्ष नै हुनुपर्नेछ ।
(च) यस सम्झौताका उल्लेखित शर्तहरू सकारात्मक व्याख्या गरि इमान्दारपूर्वक पालना गर्नु दुबै पक्षको कर्तव्य हुनेछ । दुबै पक्षको सहमति तथा वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको स्विकृतिमा लिखित रूपमा मात्र परिवर्तन गर्न सकिने छ ।
(छ) यस सम्झौतामा उल्लेखित कुराहरू यसै बमोजिम र उल्लेख नभएका कुराहरू प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

........................................ ........................................

वीरेन्द्र राज उपाध्याय :- प्रथम पक्ष
आधिकारीक प्रतिनिधि, डेजोय नेपाल प्रा. लि.

Dayjoy Nepal Pvt. Ltd.

........................................ :- दोस्रो पक्ष
वितरक

साक्षीहरु :
१ . यदुनन्दन पाण्डे ........................................
२. ........................................

**ईतिसम्बवत .............साल ................महिना ............गते ........................रोज शुभम् ।**